नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## वैदेशिक रोजगार विभाग
## ई.पी.एस.(EPS) कोरिया शाखा ग्वार्को, ललितपुरको
# कोरियन भाषा परीक्षा (EPS-TOPIK) को लागि आवेदन फाराम भर्ने सम्बन्धी
# अत्यन्त जरुरी सूचना !!

**प्रकाशित मिति:-२०८०।०८।१९**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गणतन्त्र कोरिया, श्रम तथा रोजगार मन्त्रालय बीच सम्पन्न समझदारी पत्र (MoU) अनुरुप रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत गणतन्त्र कोरियामा नेपाली नागरिकलाई उत्पादनमुलक **(Manufacturing**) कामदारका रुपमा पठाउने सिलसिलामा उम्मेदवारको छनौट गर्न कोरियन भाषा परीक्षा संचालन गर्ने सम्बन्धमा HRD Service of Korea बाट प्राप्त परीक्षा कार्यक्रममा सामेल हुन इच्छुक योग्य नेपाली नागरिकहरुबाट देहाय बमोजिम विवरणका आधारमा आवेदन फाराम दर्ता गर्नु हुन यो सूचना आह्वान गरिएको छ ।

**१. परीक्षाको मिति :–**

**क) भाषा परीक्षा (EPS-TOPIK, UBT Language Test, 1st Round):**

**अ. उत्पादनमुलक क्षेत्र (Manufacturing):-**

- परीक्षा मिति सम्वन्धी विस्तृत विवरण २०८० माघ २२ गते सोमबार (तदानुसार सन् 2024 Feb 05 तारिख) प्रकाशित हुनेछ ।

**पुनश्च:**-एक दिनमा ४ सिफ्ट गरी परीक्षा संचालन हुनेछ। आवेदक संख्याका आधारमा परीक्षा तालिका फेरबदल हुन सक्नेछ। आवेदक संख्या बढी भएमा पहिलो र दोश्रो गरी दुई चरणमा परीक्षा सञ्चालन हुनेछ ।

**ख) सीप परीक्षण (Skill Test, 2nd Round):-**

- भाषा परीक्षा EPS-TOPIK, UBT Language Test) को नतिजा प्रकाशन पश्चात प्रकाशित गरिने छ ।

**पुनश्च:**- भाषा परीक्षा (EPS-TOPIK Language Test, 1st Round) मा सम्बन्धित क्षेत्रमा उत्तिर्णाङ्क प्राप्त गर्नेहरु मध्ये उच्चतम अंक प्राप्त गरेका आवेदकहरुलाई मात्र सीप परीक्षण (Skill Test and Competency Test, 2nd Round) मा समावेश गरिनेछ ।

**२. आवेदनको क्षेत्र :– उत्पादनमुलक क्षेत्र (Manufacturing Sector)**

क) भाषा परीक्षा (EPS-TOPIK Language Test), सीप परीक्षण (Skill Test and Competency Test) मा प्राप्ताङ्कको आधारमा अधिकतम अंक प्राप्त गर्नेहरु मध्ये रोष्टरमा सूचिकृत गर्न अन्तिम नतिजा प्रकाशन गरिनेछ। (**पुनश्च:** -HRD Service of Korea बाट अनुमानित उतिर्ण संख्या १५,८४८ जना रहने जानकारीको लागि अनुरोध छ।)

ख) EPS-TOPIK Language Test मा उत्तिर्ण परीक्षार्थीहरुले दोश्रो चरणको Skill Test and Competency Test मा उत्तिर्ण भई स्वास्थ्य परीक्षणबाट समेत सफल भए पछि मात्र रोजगार आवेदन फाराम (Job Application Form) भर्न सक्ने छन् ।

**३. आवेदन दर्ता प्रकृया:–**

**क) आवेदन दर्ता मिति:–** २०८० पुस २ गते सोमवार देखि ६ गते शुक्रवार (तदानुसार December 18 – December 22, 2023) सम्म ।

**ख) आवेदन दर्ता प्रकृया:–** परीक्षा आवेदन फाराम **https://eoers.epsnepal.gov.np** मा गई अनलाईनबाट मात्र भर्नु पर्नेछ ।

**ग) आवेदन दर्ताका लागि आवश्यक कागजातहरू :**

- आवेदकले आवेदन फाराम भर्दा राहदानीको फोटो भएको पेज (बायो पेज) को रंगिन (Colour) स्क्यान गरेको JPG Image file (Width 600 pixels, Up to 100KB) अपलोड गर्नु पर्नेछ ।

- आवेदकले आवेदन फाराम भर्दा अनिवार्य रुपमा आफ्नै ईमेल ठेगाना र मोबाईल नम्बर उल्लेख गर्नुपर्नेछ ।
- आवेदन फाराममा ३ महिना यता खिचेको दुवै कान देखिने एम.आर.पी. साईजको सेतो पृष्ठभूमि भएको, upper chest देखिने, सेतो कपडा नलगाएको रङ्गीन फोटो (Photo Width 100 ~ 300 pixels, File Type: Only JPG Up to 15KB size) को फोटो स्क्यान गरी अपलोड गर्नु पर्नेछ ।

४. परीक्षा संचालन :– UBT Building भैंसेपाटीमा Shift प्रणालिमा संचालन हुनेछ। परीक्षामा सामेल हुनु भन्दा १ दिन अगाडी EPS कार्यालय, ग्वार्कोमा आएर Biometric Registration गर्ने र परीक्षा को दिन परीक्षा संचालन हुने भन्दा २ घण्टा अगाडि परीक्षा भवन पुग्नु पर्ने छ।

**५. आवेदकको योग्यता :–**

क) उमेर १८ वर्ष देखि ३९ वर्ष भित्रका नेपाली नागरिक, अर्थात सम्बन्धित उम्मेदवारको जन्म मिति सन् १९८३ डिसेम्वर १९ देखि सन् २००५ डिसेम्वर १८ (तदानुसार वि.सं.२०४० पुस ४ देखि २०६२ पुस ३) बीचको हुनु पर्नेछ ।

ख) कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

ग) गणतन्त्र कोरियामा गई गैह्र कानूनी गतिबिधिमा संलग्न भई वा गैह्र कानूनी रुपमा बसोवास गरी कोरियाबाट फिर्ता नपठाइएको ।

घ) कोरियामा **E-9** र **E-10** भिषामा पाँच बर्ष भन्दा कम अवधि बसेको ।

ङ) Color Blindness, Color weakness र Disk & Finger Amputation नभएको ।

च) सन् २०२३ भित्र EPS-TOPIK परीक्षा का लागि आवेदन नदिएको।

**६) परीक्षा शुल्क :**

परीक्षा शुल्क **अमेरिकी डलर २८ (अठ्ठाईस) (USD 28)** लाग्नेछ । आवेदकले जुन दिनमा फाराम दर्ता गराउने हो सो दिनको अघिल्लो दिनका लागि नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दरका हिसाबबाट हुन आउने नेपाली रुपैयाँ अनलाईन भुक्तानी प्रदायक संस्थाहरु मार्फत मात्र बुझाउन सकिनेछ । फर्म भर्दाको चरणमा नै **https://eoers.epsnepal.gov.np** प्रणालीमा भुक्तानी सम्वन्धी व्यवस्था देखिनेछ।

**७. परीक्षा प्रणाली र अङ्क भार :**

| प्रश्न संरचना | प्रश्न सङ्ख्या | कूल पूर्णाङ्क | समय अबधि |
|---|---|---|---|
| Reading (पढाई) | २० | १०० | ५० मिनेट |
| Listening (सुनाई) | २० | | |
| **Total (जम्मा)** | **४०** | **१००** | **५० मिनेट** |

- EPS-TOPIK वस्तुगत बहुउत्तर (Multiple choices) को मूल्याङकनमा आधारित हुनेछ र Reading (पढाई) र Listening (सुनाई) परीक्षाको बीचमा मध्यान्तर हुने छैन, लगातार सुचारु हुनेछ ।

८. Industries & Subcategories

आवेदकहरुले Manufacture अन्तर्गत निम्न Subcategories मध्ये कुनै एक छान्न सकिनेछ।

(1) assemble (2) measures, (3) join

(कोरियन भाषा परीक्षा उत्तीर्ण हुनु भनेको रोजगारीको छनौट प्रकृयामा सामेल हुन रोष्टरमा सूचिकृत हुनु हो, शत प्रतिशत रोजगारीको ग्यारेन्टी भने होइन । तसर्थ आफ्नो पेशा, व्यवसाय आदिलाई निरन्तरता दिनुहोला ।)

**यो सूचना मिति २०८०।०८।१९ गतेको दैनिक पत्रिकामा समेत प्रकाशित गरिएको छ ।**